# सरयू

## राप्ती स्वास्थ्य विज्ञान

वर्ष १, अंक १ २०८३ वैशाख-जेठ


## प्रतिष्ठानको अतिक्रमित जग्गा हटाउन जिल्ला प्रशासनको सर्कुलर

दाङ । बालेन्द्र साह नेतृत्वको वर्तमान सरकारले ल्याएको १०० कार्ययोजनाको कार्यान्वयनका क्रममा जिल्ला प्रशासन कार्यालय दाङले सरकारी जग्गा अतिक्रमण हटाउने अभियान सुरू गरेको छ । यसैक्रममा स्थानीय प्रशासनले घोराही उपमहानगरपालिका र जिल्ला प्रहरी कार्यालय दाङलाई राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको अतिक्रमित जग्गा संरक्षण गर्न सर्कुलर जारी गरेको हो । उक्त सर्कुलरसँगै प्रतिष्ठानको जग्गा अतिक्रमण गरेर बनेको संरचना हटाउने प्रक्रिया अघि बढेको हो । प्रशासनले हाल अतिक्रमित जग्गाको तथ्याङ्क संकलन गर्ने कार्य गरिरहेको छ ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
घोराही, दाङ

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले समेत राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको जग्गामा बनेको अवैध संरचना हटाउन निर्देशन दिएको थियो ।

## बृहत क्यान्सर परीक्षण शिविरमा ३ सय जना बिरामीले चेक गराए



दाङ । राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठानले एकपछि अर्को गर्दै विशेषज्ञ सेवा थपे पछि सेवा लिने बिरामीको चाप बढिरहेको छ । दैनिक जसो एक हजारको हारहारीमा बिरामी प्रतिष्ठानमा उपचारका लागि आइरहेका छन् । यसैक्रममा प्रतिष्ठानले बिरामीको सेवालाई ध्यानमा राख्दै शुक्रबार गरेको बृहत क्यान्सर परामर्श तथा परीक्षण शिविरमा करिब ३ सय बढिले चेकजाँच गराएका छन् । बिहान ९ बजेदेखि बेलुकी ४ बजेसम्म चलेको शिविरमा मेडिसिनतर्फ २१ जना, गाइनोतर्फ १ सय ९३ जना र सर्जरी तर्फ ७२ जनाले देखाएको निमित्त उपकुलपति तथा रजिस्ट्रार प्रा.श्याम लम्सालले जानकारी दिनु भयो । उहाँले क्यान्सरको सेवा सुरु गर्न प्रतिष्ठानले पहल गरेको र यस्ता शिविरले क्यान्सरका बिरामी पहिचान र उपचार गर्न सहज हुने बताउनु भयो ।

बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुर चितवनसँगको प्राबिधिक सहयोगमा शिविर भएको हो । शिविरबाट ठूलो संख्यामा बिरामी लाभान्वित बनेको लम्सालले बताउनु भयो । शिविरमा क्यान्सर अस्पताल भरतपुर चितवन र प्रतिष्ठानका विभिन्न विभागमा कार्यरत विशेषज्ञ चिकित्सक तथा कर्मचारी खटाइएको थियो ।

क्यान्सर अस्पतालबाट विशेषज्ञ चिकित्सकका रुपमा मेडिकल अंकोलोजी डा.बिबेक कडेल, ब्रेष्ट सर्जरी डा. अनुप भट्टचन, युरोलोजी डा. बोधराज गौतम, गाइनो अंकोलोजी, डा.अस्मिता ओलीले शिविरमा चेकजाँच गरेका थिए । प्रतिष्ठानमा क्यान्सर सम्बन्धी भएको यो ठूलो र पहिलो शिविर हो । प्रतिष्ठानमा क्यान्सर उपचार सेवा सुरु गर्न सहकार्य गर्ने र क्यान्सर अस्पतालबिच यसअघि दुबै स्वास्थ्य संस्थाबिच भएको सम्झौता अनुरुप शिविर भएको र यसलाई आगामी दिनमा निरन्तरता दिइने निमित्त उपकुलपति प्रा.लम्सालको भनाई छ ।

शिविरमा महिलाको पाठेघर, स्तन, योनी लगायतको क्यान्सर परिक्षण हुने भएकाले क्यान्सरका बिरामी र पाठेघरमा समस्या भएका, स्तनमा गाठा भएका, योनी चिलाउने तथा घाउ भएका लगायतका समस्या हुने महिलाहरुले परिक्षण गराएका थिए ।



CamScanner

## रोटरी क्लब अफ दाङद्वारा प्रतिष्ठानलाई ह्वीलचेयर हस्तान्तरण




दाङ । रोटरी क्लब अफ दाङले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई चार थान "ह्वील चेयर हस्तान्तरण गरेको छ । क्लबका अध्यक्ष रोशन दाहालले प्रतिष्ठानका निमित्त उपकुलपति तथा रजिस्ट्रार प्रा.श्याम लम्साललाई हस्तान्तरण गर्नु भएको हो । प्रतिष्ठानका निमित्त अस्पताल निर्देशक प्रा.डा.जनार्दन पन्थी र अस्पतालका सहनिर्देशक डा.सुरेश रसाईलीको उपस्थितिमा रोटरीले ह्वीलचेयर सहयोग गरेको हो । सो अवसरमा बोल्दै निमित्त उपकुलपति प्रा.लम्सालले अस्पतालका बिरामीलाई सहयोग गरेर ह्वीलचेयर हस्तान्तरण गरेकोमा रोटरी क्लब अफ दाङका अध्यक्ष रोशन दाहालसहित सिङ्गो रोटरी परिवारलाई धन्यवाद दिनुभयो । उहाँले सहयोगलाई उचित सदुपयोग गर्ने बताउदै आउँदा दिनमा पनि प्रतिष्ठानलाई गर्ने सहयोग निरन्तर गर्न आग्रह गर्नुभयो । त्यस्तै क्लबका अध्यक्ष दाहालले रोटरीको सहयोगलाई उचित सदुपयोग गरिदिन अस्पताल प्रशासनलाई अनुरोध गर्नुभयो ।

## पूर्व अर्थ मन्त्री खनालले जाँदाजाँदै भने- 'राप्ती प्रतिष्ठानको ४ सय शैया अस्पतालको ठेक्का लगाउन सकिएन'




काठमाडौं । पूर्व अर्थ मन्त्री रामेश्वर खनालले सरकारबाट बाहिरिदै गर्दा दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको ४ सय सैया अस्पतालको ठेक्का लगाउन नसकिएको बताउनु भएको छ । अर्थ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका तर्फबाट जारी कार्यकाल समाप्ती प्रतिवेदन अन्तगर्त हुँदै गरेका वा सम्पन्न गर्न नसकिएका कामहरुको जानकारी गराउने क्रममा उनले सो कुरा बताउनु भएको हो ।

खनालले प्रतिष्ठानको ठेक्का लगाउन नसकिएको कुरा प्रसंगमा आफै खुलाउदै कार्यकाल समाप्ती प्रतिवेदनमा सम्पन्न गर्न नसकिए कामको सूचीमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि चालु वर्षमा विनियोजित रकमभन्दा धेरै बढीको ठेक्का लगाउनु पर्ने तर बहुवर्षीय स्रोतको सहमति नभएकोले ठेक्का लगाउन नसकिएको उल्लेख गर्नु भएको थियो । बहुबर्षीय आयोजनामा स्रोत सहमति नभए प्रतिष्ठानको ४ सय सैया अस्पताल भवन अलपत्र पर्ने देखिएको छ । अस्पताल भवनको लागि आएको ८८ करोड रकम फ्रिज हुने जोखिम छ । स्वास्थ्य र शिक्षाको प्रमुख केन्द्रको रुपमा रहेको प्रतिष्ठानमा भवनको अभावमा नयाँ सेवा बिस्तार गर्न समस्या भइरहेको छ । प्रतिष्ठानमा एकपछि अर्को गर्दै विशेषज्ञ सेवा थपिरहेको बेला ४ सय सैयाको नयाँ अस्पताल भवन निर्माण कार्य अघि बढ्न नसक्दा अन्यौलता सिर्जना भएको छ । प्रतिष्ठानका निमित्त उपकुलपति तथा रजिस्ट्रार प्रा.श्याम लम्सालले भवनको लागि आवश्यक पर्ने सम्पूर्ण तयारी प्रतिष्ठानले पूरा गरेर सम्बन्धित निकायमा पेश गरिसकेको जानकारी दिदै आउने नयाँ सरकारले यस बारेमा गम्भिरतापूर्वक सोचबिचार गरेर निकास निकाल्ने पूर्ण विश्वास व्यक्त गर्नुभयो । यो बारेमा यस क्षेत्रका सरोकारवाला सबैको साथ, सहयोग र पहल आवश्यक रहेको कुरामा उहाँले जोड दिनुभयो ।



CamScanner

## प्रतिष्ठानबाट निजामती कर्मचारीलाई स्वास्थ्य सेवा उपलब्ध हुने




दाङ । काठमाडौंको नयाँ बानेश्वरस्थित निजामती कर्मचारी अस्पताल र दाङस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबीच सेवा विस्तारसम्बन्धी औपचारिक सम्झौता भएको छ । निजामती अस्पतालका कार्यकारी निर्देशक प्रा.डा.मोहनचन्द्र रेग्मी र प्रतिष्ठानका निमित्त उपकुलपति एवं रजिष्ट्रार प्रा.श्याम लम्सालले हालै उक्त समझदारीपत्रमा हस्ताक्षर गर्नु भएको हो । दुवै पक्षले गरेको सम्झौता अनुसार अब निजामती कर्मचारीले निजामती अस्पतालमार्फत पाउँदै आएका सेवा र सुविधाहरू राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट प्राप्त गर्ने प्रतिष्ठानका निमित्त निर्देशक प्रा.डा.रमेश कँडेलले जानकारी दिनुभयो । उपचारका साथै दुवै संस्थाले जनशक्ति, तालिम र स्वास्थ्य अनुसन्धानका क्षेत्रमा सहकार्य गर्ने सम्झौतामा उल्लेख छ ।

निजामती अस्पतालले कर्मचारीलाई उपचारमा ४० देखि ५० प्रतिशतसम्म छुट दिँदै आएको छ । बहालवाला अधिकृतस्तरका कर्मचारीलाई ४० प्रतिशत र सोभन्दा तल्लो तहका कर्मचारीलाई सेवा शुल्कमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ । सेवा निवृत्त कर्मचारीले सबै किसिमका सेवामा ५० प्रतिशत छुट पाउने अस्पताल प्रशासनले जनाएको छ । सेवा प्राप्त गर्न कर्मचारीले विशेष सफ्टवेयर प्रणालीमा आवद्ध हुनुपर्ने निजामती अस्पतालका कार्यकारी निर्देशक प्रा.डा.रेग्मीले बताउनु भयो । कर्मचारीले आफ्नो र परिवारका सदस्यको नामसहितको फारम भर्नुपर्ने हुन्छ । उक्त विवरणलाई अस्पतालले अप्टिकल फाइबर नेटवर्कमार्फत 'निजामती किताब खाना' को डाटाबेससँग जोड्नेछ । अस्पतालमा उपचारका लागि जाँदा सफ्टवेयरमा कर्मचारीको नाम प्रविष्ट भएपछि किताबखानाले रुजु गरेपछि कर्मचारी सरहको सुविधा प्राप्त हुने उहाँले जानकारी दिनु भयो ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले आगामी वैशाख १ गतेदेखि यो सेवा सुरु गर्ने लक्ष्य राखेको छ । प्रतिष्ठानका निमित्त उपकुलपति प्रा.लम्सालका अनुसार देशभरका स्वास्थ्य विज्ञान प्रतिष्ठानमध्ये निजामती कर्मचारीको सेवाका लागि यस्तो पहल गर्ने दाङ पहिलो भएको हो । निजामती अस्पतालका कार्यकारी निर्देशक प्रा.डा.रेग्मीले राज्यको दायित्व पूरा गर्न सातै प्रदेशमा सेवा विस्तार गर्ने योजनाअनुरूप राप्तीसँग सम्झौता गरिएको बताउनु भयो । विगत दुई वर्षदेखि एमबिबिएस र एमडीएमएसजस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि यो सम्झौताले विकास र विस्तारमा नयाँ आयाम थप्ने विश्वास गरिएको छ ।

## मजदुरी गर्दै पढेर एमबिबिएसमा नाम निकालेका सत्यनारायणले लगाए सेतो एप्रोन




दाङ । मजदुरी गर्दै पढेका सत्यनारायण साफीले एमबीबीएसमा नाम निकालेर राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा भर्ना भएपछि उहाँमा खुसीको सिमा नै छैन । सिरहाको बरियारपट्टी गाउँपालिका-२ मा पर्छ, श्रीपुर गाउँ । यही गाउँको एउटा फुसको झुप्रोमा दलित समुदायका सत्यनारायण साफीले एमबिबिएसमा नाम निकाल्दा उहाँ मात्रै होइन, उहाँको परिवार र छिमेकमा पनि बधाई दिनेको लर्को नै थियो ।

प्रतिष्ठानमा दोस्रो बर्षमा अध्ययनरत विद्यार्थीहरूका लागि 'ह्वाइट कोट सेरेमनी' कार्यक्रममा सत्यनारायण भाबुक र खुसी दुबैमा देखिनु भयो । उहाँले एमबिबिएसमा दुःख गरेर नाम निकालेर पढ्न पाउँदा अत्यन्तै खुसी लागेको प्रतिकृया दिनुभयो । सेतो



CamScanner

एप्रोनमा सजिदा उहाँमा छुट्टै आनन्द लागेको थियो । पढ्नका लागि आवश्यक पर्ने रकम जुटाउम उहाँमा आर्थिक अभावले चाहि पिरलेको भाव देख्न सकिन्थ्यो । तर, उहाँले कार्यक्रम स्थलमा एमबिबिएस पढ्ने विद्यार्थीहरुसँग खुसी साटासाट गरिरहेका देखिनुहुन्थ्यो भने प्राध्यापकहरुले पनि उहाँलाई हौसला दिइरहनु भएको थियो ।

प्रतिष्ठानले एमबीबीएस कार्यक्रम अन्तर्गत दोस्रो बर्षका उहाँसहित ५० जना विद्यार्थीहरूलाई औपचारिक रूपमा सेतो कोट एप्रोन प्रदान गर्दै कार्यक्रम आयोजना गरेको हो । प्रतिष्ठानका निमित्त उपकुलपति तथा रजिस्ट्रार प्रा.श्याम लम्साल, निमित्त डिन प्रा.डा.रमेश कडेल, निमित्त अस्पताल निर्देशक प्रा.डा.जनार्दन पन्थीले संयुक्त रुपमा सत्यनारायणसहित ५० जना विद्यार्थीलाई सेतो एप्रोन लगाई दिनुभएको थियो । निमित्त उपकुलपति प्रा.लम्साललले विद्यार्थीहरूलाई सेतो कोट पहिऱ्याउँदै चिकित्सा पेशाको मर्यादा, जिम्मेवारी र नैतिकताको बारेमा मार्गदर्शन दिएको बताउनुभयो । सेतो कोट चिकित्सक जीवनको प्रारम्भिक प्रतिकका रूपमा लिइने निमित्त डिन प्रा.डा.कँडेलले बताउनु भयो । निमित्त अस्पताल निर्देशक प्रा.डा.जनार्दन पन्थीले स्वास्थ्य सेवा क्षेत्रमा समर्पण, अनुशासन र मानव सेवाको भावना अपरिहार्य रहेको बताउनु भयो । उहाँले बोलिचाली ब्यबहारमै राम्रो गरेर चिकित्सा पेशालाई समाजमा सम्मान गर्न लायक बनाउन सबैले हातेमालो गर्नुपर्ने र चिकित्सा पेशा सम्हाल्दैमा आफुलाई फरक ठान्ने प्रबृत्ति भएमा समाजमा असन्तुलन पैदा हुने भएकाले यसमा सबै सचेत हुनुपर्ने बताउनु भयो । यसपालिको दोस्रो बर्षको ब्याजमा ४ जना विदेशी विद्यार्थी भर्ना भएका छन् । पहिलो वर्षमा ५० जना विद्यार्थी भर्ना भई अध्ययनरत छन् । प्रतिष्ठानमा बिएनएस, बिएस्सी नर्सिङको पढाई पनि सञ्चालनमा छ भने चिकित्सा शास्त्रमा एमडी र एमएस र आँखा र जेष्ठ नागरिकमा फेलोसीप कार्यक्रम सुरु भइसकेका छन् । त्यस्तै चिकित्साशास्त्रमा पिएचडीको पढाई पनि चालु गर्ने तयारीमा प्रतिष्ठान रहेको छ ।

प्रतिष्ठानको सभाहलमा आयोजित कार्यक्रममा विद्यार्थी, अभिभावक तथा प्राध्यापकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । सो अवसरमा एमबिबिएस पहिलो बर्षका विद्यार्थीहरुले नव आगन्तुक विद्यार्थीहरुलाई स्वागत गरेका थिए । कार्यक्रममा पहिलो बर्षका विद्यार्थीहरुले गीत, नृत्य प्रस्तुत गरेर थप रोमाञ्चित बनाएका थिए ।

सेतो कोट ग्रहण गरेपछि सत्यनारायणले स्वास्थ्य सेवा क्षेत्रप्रति प्रतिबद्ध भएर अध्ययन र सेवा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । अभाव, समस्या र गरिबीबीच पनि सत्यनारायणले पाएको सफलताले सबैमा उदाहरणीय पात्र बन्नुभएको छ । चिकित्सा शिक्षा आयोगले गत १५ कात्तिकमा लिएको एमबीबीएस प्रवेश परीक्षामा पूर्ण छात्रवृत्तिमा नाम निकालेका साफी निरन्तर मिहिनेत, संघर्ष र सफलताको उदाहरण बनेर उदाउनु भएको हो ।

# विरामी लक्षित औषधी परामर्श कक्ष सञ्चालन




दाङ । अब बिरामीहरूले औषधीसम्बन्धी जानकारी लिन सहज हुने भएको छ । फार्मेसीबाट प्राप्त हुने जुनसुकै औषधीबारे बिरामीमा हुने ज्ञानको अभावका कारण अलमल नहोस् भन्ने उद्देश्यले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले औषधी परामर्श कक्ष सञ्चालनमा ल्याएको छ ।

बिरामीलाई सहयोग पुऱ्याउने उद्देश्यले जिल्लामै पहिलोपटक यस्तो नविन अभ्यास सुरु गरिएको प्रतिष्ठानका निमित्त उपकुलपति तथा रजिष्ट्रार प्रा.श्याम लम्साललले बताउनुभयो । यस कक्षमार्फत बिरामीहरूले आफूले सेवन गर्न लागेको औषधी, त्यसको मात्रा, प्रभाव तथा सावधानी बारे आवश्यक जानकारी प्राप्त गर्न सक्नेछन् ।

औषधी परामर्श कक्षको उद्घाटन प्रतिष्ठानका निमित्त अस्पताल निर्देशक प्रा.डा.जनार्दन पन्थीले गर्नुभएको हो । उहाँका अनुसार चिकित्सकले लेखेको प्रेस्क्रिप्सन नबुझेका बिरामीहरूले गलत औषधी सेवन नगरोस् भन्ने उद्देश्यले यो सेवा सुरु गरिएको हो । बिरामीलाई औषधीबारे स्पष्ट जानकारी प्रदान गर्नका लागि सो कक्षमा विज्ञ फार्मासिस्ट ( औषधी परामर्शदाता) नियुक्त समेत गरिएको छ ।

# दाङमा सिकलसेलका बिरामीको वृहत परीक्षण शुरु, १ हजार ५ सयले गरे निःशुल्क जाँच

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले पश्चिम नेपालको थारु समुदायमा जनस्वास्थ्य समस्याका रूपमा रहेको 'सिकलसेल एनिमिया' को बृहत् परीक्षण सुरु गरेको छ । प्रतिष्ठानमा प्रत्यक्ष आएर पनि विरामीले निशुल्क परीक्षण गर्न पाउनेछन् । यो कार्य यसअघि नै सुरु गरिसकिएको छ भने यसलाई विस्तार गर्दै थारु समुदायको बाक्लो बस्ती रहेको क्षेत्र र पालिकास्तरमा पनि परिक्षणको काम तीव्ररुपमा सञ्चालन गरिएको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार हालसम्म देउखुरी क्षेत्रलाई लक्षित गरेर सिसहनीयाँमा, पश्चिम दाङलाई प्राथमिकता दिदै दंगीशरण गाँउपालिकामा र घोराही उपमहानगरका वडा-वडामा नै पुग्ने गरी घोराही ३ मा.वि. भिङ्नीमा शिविर गरिएको छ । जसअनुसार अहिलेसम्म ५ सय ३४ जना पुरुष र ९ सय ८१ जना महिला गरेर १ हजार ५ सय १५ जनाको परीक्षण गरिएको छ । प्रतिष्ठानले पहिलो चरणमा ५ हजार जनाको निःशुल्क परीक्षण गर्ने तयारी गरेसँगै सिसहनीयाँवाट सुरु भएको परीक्षण शिविरमा २ सय ३५ जना पुरुष र ३ सय २८ जना महिला गरेर जम्मा ५ सय ६३ जना बिरामीले चेकजाँच गराएका छन् । यसैगरेर दंङ्गीशरण गाँउपालिकामा भएको परीक्षणमा १ सय २२ जना पुरुष र ३ सय १० जना महिला गरेर कुल ४ सय ३२ जना विरामीले स्वास्थ्य जाँच गराएका छन् भने मावि भिङ्नीमा भएको शिविरमा ८० जना पुरुष र १ सय ९७ जना महिला गरेर २ सय ७७ जना विरामीले स्वास्थ्य परीक्षण गराएका छन् । त्यस्तै प्रतिष्ठानमा प्रत्यक्ष आई ९७ जना पुरुष र १ सय ४६ जना महिला गरेर जम्मा २ सय ४३ जना विरामीले चेकजाँच गराएका छन् ।

विभिन्न स्थानका शिविरहरुमा प्रतिष्ठानका पदाधिकारी र पालिकाका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा सेवा शुभारम्भ गरिएको थियो । शिविरमा २ जना फिजिसियन चिकित्सक, मेट्रोन, ४ जना नर्स, ल्याब टेक्निसीयम ६ जना, बिएनएस बिद्यार्थी ४ जना, नर्सिङ लेक्चरर १ र सेक्सन अफिसरको शिविरमा सहभागिता हुँदै आएको छ । प्रतिष्ठानमा सिकलसेल परिक्षणका लागि अत्याधुनिक मेशिन जडान भएसँगै दाङ भरि अभियान थालनी गरिएको प्रतिष्ठानका निमित्त उपकुलपति तथा रजिस्ट्रार प्रा.श्याम लम्सालले जानकारी दिनुभयो । उहाँका अनुसार राप्ती स्वास्थ्य विज्ञान प्रातिष्ठानले दाङ उपत्यकाभर सिकलसेल एनिमिया परीक्षण गर्ने कार्यक्रम शुरू गरेको हो । 'यो आर्थिक वर्षमा पाँच हजार जनसंख्यामा परीक्षण गर्छौं, आगामी आ.व. २०८३ र ०८४ मा दशहजार जनसंख्याको परीक्षण गर्ने लक्ष्य रहेको छ- उहाँले भन्नुभयो- 'क्रमश दाङ जिल्लाका सबै जोखिममा रहेका सर्वसाधारणको परीक्षण गर्छौं ।' रजिष्ट्रार लम्सालले परीक्षणका साथ अनुसन्धान पनि गरिने बताउनु भयो ।

यो सिकलसेल सम्बन्धी विश्वमै सबैभन्दा बढी जनसंख्या समेटेको समुदायिक तहको बहुवर्षीय अनुसन्धान हुने प्रतिष्ठानको भनाई छ । सिकलसेल सम्बन्धी नयाँ तथ्यहरू पहिचान हुने र राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा नीति निर्माण र जोखिम न्युनीकरण एवम् उपचार पद्धति निर्माणमा महत्वपूर्ण योगदान पुग्ने हामीले विश्वास लिएका छौ, यो रोग मुख्यतया अफ्रिका, आमेरिकन् महादेश, युरोप, मध्यपूर्व एसिया, भारत र नेपालको थारू समुदायमा पाईन्छ । (रजिस्ट्रार लम्सालले थप्दै भन्नुभयो) । यसको उपचार पद्धतिको अझै पूर्ण रूपमा विकास भइसकेको छैन, रोकथामका उपाय मात्र विकास भएका छन् । विश्वभर करिव ८० लाख मान्छे रोगबाट ग्रसित र वार्षिक ५ लाख बच्चा रोग सहित जन्मिने क्रम छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको अनुदानमा प्रातिष्ठानले कार्यक्रम सञ्चालन गरिरहेको र यसलाई बृहत बनाउदै लैजाने योजना रहेको प्रतिष्ठानका निमित्त डिन प्रा.डा.रमेश कँडेलले जानकारी दिनुभयो । यसअघि अफ्रिकामा ८ वटा देश मिलेर चौत्तीस हजार व्यक्तिमा अनुसन्धान भएको थियो भने प्रतिष्ठानले ३ वर्षमा पैतीस हजार व्यक्तिमा र ५ वर्षमा कम्तिमा ७० हजार व्यक्तिको परीक्षण गरी अनुसन्धान गर्ने लक्ष्य राखेको रजिस्ट्रार लम्सालले जानकारी दिनुभयो । प्रतिष्ठानमा सिकलसेल जाँच्ने मेसिन भित्रिएपछि पहिलो पटक बालबालिकादेखि वृद्धवृद्धासम्म सुरुमा ५ हजार जनाको नमुना परीक्षण गरेर रोगको वास्तविक अवस्था पत्ता लगाइनेछ । यो परीक्षणले बिरामीको पहिचान मात्र नभई प्रतिष्ठान विश्वविद्यालयको अवधारणामा रहेकाले भविष्यमा अध्ययन र अनुसन्धानका लागि ठूलो मद्दत पुग्ने रजिस्ट्रार लम्सालको भनाइ छ । यस अभियानबाट प्राप्त तथ्यांकले रोगको रोकथाम र नियन्त्रणका लागि नीति तर्जुमा गर्न सरकारलाई समेत सहज हुने अपेक्षा गरिएको छ ।

प्रतिष्ठानका अस्पताल निमित्त निर्देशक प्रा.डा.पन्थीले अब सिकलसेलको परीक्षण र उपचारका लागि बिरामीले जिल्ला बाहिर जानुपर्ने बाध्यता हटेको बताउनु भयो । हाल प्रतिष्ठानमा ३ सय १५ जना सिकलसेलका बिरामीले नियमित औषधी उपचार सेवा लिइरहेका छन् । तथ्यांकअनुसार एक वर्षका शिशुदेखि ६५ वर्षका वृद्धसम्ममा यो रोग देखिएको छ भने एउटै परिवारका चार जनासम्म संक्रमित भेटिएका छन् । यो रोग विशेषगरी थारु समुदायमा बढी देखिए पनि पछिल्लो समय योगी र दलित समुदायमा समेत संक्रमण पुष्टि भएको छ । वैज्ञानिक अध्ययनअनुसार जहाँ 'प्लाज्मोडियम फ्याल्सिपेरम' नामक मलेरियाको प्रकोप बढी हुन्छ, त्यहाँका मानिसमा सिकलसेल एनिमिया बढी देखिएको छ । मलेरियाबाट बच्नका लागि मानव शरीरको रक्तकोषले आफूलाई परिवर्तन गरी गोलो आकारबाट हसिया



CamScanner

जस्तो आकारमा बदल्ने प्रक्रिया नै सिकलसेल हो । हसियाँ आकारको रक्तकोषिकालाई मलेरियाले आक्रमण गर्न नसक्ने भएकाले यो एक प्रकारको प्राकृतिक प्रतिरक्षा प्रणालीको रूपमा विकास भएको मानिन्छ ।

नेपालमा दाङ, कपिलवस्तुदेखि कञ्चनपुरसम्मका थारु समुदायमा यो रोग वंशाणुगत रूपमा देखिएको छ । यो खानपानले सर्ने रोग नभई जीनबाट सर्ने रोग हो । आमा र बुवा दुवैमा सिकलसेल छ भने छोराछोरीमा सर्ने सम्भावना उच्च हुन्छ । यो रोग लागेका बिरामीमा शरीरमा रगतको कमी हुने अर्थात् रक्तअल्पताको समस्या देखिन्छ । यसका साथै हात-खुट्टाका जोर्नी, मेरुदण्ड र करङ अत्यधिक दुख्ने, जण्डिस देखिने, पेट दुख्ने, कलेजो र फियो सुन्निनेजस्ता लक्षणहरू देखा पर्छन् । विशेषगरी बालबालिकामा जाडोयाममा निमोनियाको जोखिम उच्च हुन्छ । रोग पहिचान नहुँदै ५० प्रतिशत संक्रमित बालबालिकाको निमोनियाका कारण मृत्यु हुने जोखिम रहने चिकित्सकहरू बताउँछन् । चिकित्सकहरूका अनुसार सिकलसेलको पूर्ण निको हुने यकिन उपचार नभए पनि समयमै पहिचान भएमा जीवन सहज बनाउन सकिन्छ । बिरामीले प्रशस्त पानी पिउन, झोलिलो र पोसिलो खानेकुरा खान तथा अत्यधिक गर्मी र जाडोबाट बच्न आवश्यक हुन्छ किनकी चरम तापमानमा रक्तकोषिका हसियाँ आकारमा बदलिने जोखिम रहन्छ । साथै बालबालिकालाई निमोनियाबाट बचाउन नियमित खोप लगाउने र रगत बढाउन फोलिक एसिडको सेवन गर्नुपर्ने सुझाव चिकित्सकहरूको छ । रोगको लक्षण देखिएमा वा शंका लागेमा तुरुन्त स्वास्थ्य संस्थामा गई परीक्षण गराउन प्रतिष्ठानले आग्रह गरेको छ ।

## बिरामीको गुनासो बढेपछि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले लगायो फुड सप्लिमेन्ट सिफारिसमा रोक

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले चिकित्सकहरूलाई बिरामीको पूर्जामा न्यूट्रास्युटिकल्स (आहार-पूरक) नलेख्न र नलेखाउन कडा निर्देशन दिएको छ । निर्देशन जारी हुनुअघि प्रतिष्ठानका केही प्रोफेसर चिकित्सकले बिरामीको पूर्जामा न्यूट्रास्युटिकल्स लेखेर किन्न लगाएको गुनासो बढ्दै गएको थियो ।

चिकित्सकले दैनिक दजनौं पूर्जामा न्यूट्रास्युटिकल्स लेखेर बिरामीलाई किन्न पठाउने गरेपछि प्रतिष्ठानले एक्सन लिदै कडाईमा उत्रिएको हो । कमिसनको लोभमा महँगा, प्रतिबन्धित र औषधीय प्रयोजनमा नपर्ने वस्तुहरू निमुखा बिरामीलाई लेखेर आर्थिक र स्वास्थ्य हानी भइरहेको विरामीको गुनासो थियो । प्रतिष्ठानमा चिकित्सकको सल्लाहमा शरीरको कमजोरी कम गर्न भन्दै फुड सप्लिमेन्ट खाने क्रम बढेको थियो । कतिपय स्वास्थ्य संस्थाले न्युट्रासिटिकल्स र फुड सप्लिमेन्ट प्रेस्क्राइब गर्दा बिरामीको स्वास्थ्यमा जटिलता निम्तिने हुँदा यसमा विशेष सावधानी अपनाउन निर्देशन दिएका छन् । सबैतिर विरोध सुरु भएपछि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले न्युट्रासिटिकल्स प्रतिष्ठानमा कार्यरत चिकित्सक र स्वास्थ्यकर्मीलाई प्रेस्क्राइब गर्न रोक लगाएको छ । प्रतिष्ठानले शिक्षक तथा कर्मचारीहरूको व्यावसायिक विकास, अनुशासन र संस्थागत सुशासन कायम गर्ने उद्देश्यसहित ६ बुँदे सर्कुलर जारी गरेको थियो । 'प्रतिष्ठानका चिकित्सकले बिरामीलाई औषधी लेख्दा न्यूट्रास्युटिकल्स नलेख्नुहुन र नलेखाउनहुन निर्देशन दिइन्छ,' सर्कुलरमा भनिएको छ ।

## मुटु रोगको उपचारका लागि शहीद गंगालाल हृदय केन्द्र र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबीच चिकित्सा शिक्षा सहकार्य सम्झौता

दाङ । शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङबीच चिकित्सा शिक्षा तथा अनुसन्धानमा सहकार्य बढाउने उद्देश्यले सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सम्झौताअनुसार राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका विद्यार्थी तथा प्रशिक्षार्थीहरूले हृदय केन्द्रमा 'क्लिनिकल पोस्टिङ' र तालिममा सहभागी हुन





CS CamScanner

पाउनेछन् । यसका साथै हृदय सेवा, शिक्षा र अनुसन्धानको विकासमा प्राविधिक सहयोग र सहकार्य गर्ने दुवै पक्षले प्रतिबद्धता जनाएको छ । शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रले राप्ती प्रतिष्ठानको हृदयरोग सम्बन्धी रिफरल सेन्टरको रूपमा काम गर्नेछ ।

सम्झौतापत्र अनुसार, विद्यार्थी तथा प्रशिक्षार्थीहरूको समूहगत प्रयोगात्मक अभ्यासलाई राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले व्यवस्थापन गर्नेछ भने उनीहरूको कार्यतालिका, सहभागी संख्या र नामावली कार्यक्रम सुरु हुन कम्तीमा एक महिना अघि शहीद गंगालाल हृदय केन्द्रलाई बुझाउनुपर्नेछ । अभ्यासका क्रममा आवश्यक पर्ने सामग्रीहरू प्रयोग गर्न प्रथम पक्षको अनुमति लिनुपर्नेछ भने हराए वा बिग्रिएमा सोधभर्ना दोस्रो पक्षले गर्नेछ । कार्यक्रम सञ्चालनका लागि द्वितीय पक्षले केन्द्रको निर्देशक कार्यालयसँग समन्वय गर्नु पर्नेछ । शैक्षिक सत्र अनुसार आर्थिक वर्षमा आधारित करारको अवधि अधिकतम ६ महिनासम्मको प्रयोगात्मक अभ्यासका लागि लागू हुनेछ । साथै, सम्बन्धित विश्वविद्यालय, काउन्सिल वा आधिकारिक संस्थाबाट स्वीकृति पत्र र कर तिरेको प्रमाण पनि केन्द्रमा पेश गर्नुपर्नेछ ।

विद्यार्थीहरूले तालिका अनुसार अभ्यासमा सहभागी हुनुपर्नेछ र अभ्यास सकिएपछि तयार पारेको प्रतिवेदन केन्द्रमा बुझाउनुपर्नेछ । सम्झौतामा कुनै पनि शर्तमा संशोधन, थप वा हटाउने काम दुबै पक्षको सहमतिबाट मात्र हुनेछ । यो सम्झौता भाद्र १५, २०८२ देखि २०८५ आषाढ मसान्तसम्म तीन आर्थिक वर्षका लागि लागू हुने र आपसी सहमतिमा अवधि थप गर्न सकिने व्यवस्था गरिएको छ । शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबीचको यस सहकार्यले चिकित्सा शिक्षा र हृदयसम्बन्धी अनुसन्धानको क्षेत्रमा नयाँ सम्भावनाहरू सिर्जना गर्ने विश्वास व्यक्त गरिएको छ ।

## स्वास्थ्य प्रतिष्ठानलाई न्युरो आइसीयु बेड हस्तान्तरण

दाङ । दाङको सिद्धार्थ बैङ्क घोराही शाखाले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई ७ वटा न्युरो आइसीयु बेड सहयोग गरेको छ । हालै एक कार्यक्रमकाबीच बैङ्क शाखा घोराहीले प्रतिष्ठानलाई न्युरो वार्ड सञ्चालनको लागि आइसीयु बेड हस्तान्तरण गरेको हो । बैङ्कका लुम्बिनी तथा कर्णाली प्रदेश प्रमुख केशव खाती, घोराहीका शाखा म्यानेजर वीरेन्द्र सिंह कार्की, तुलसीपुर शाखा प्रबन्धक किरण आचार्यले संयुक्तरुपमा प्रतिष्ठानका निमित्त उपकुलपति तथा रजिस्ट्रार प्रा.श्याम लम्साल, अस्पतालका निमित्त निर्देशक प्रा.डा.जनार्दन पन्थी, न्युरो सर्जन डा.उपमा शर्मालाई न्युरो आइसीयु बेड हस्तान्तरण गर्नु भएको हो ।

प्रतिष्ठानमा न्युरो सर्जरी विशेषज्ञ आई सेवा सुरु गरेपछि सेवालाई थप बिस्तारसहित चुस्त दुरुस्त बनाउन यो सहयोग महत्वपूर्ण रहेको निमित्त उपकुलपति तथा रजिस्ट्रार प्रा.लम्सालले बताउनु भयो । उहाँले बैङ्कलाई आगामी दिनमा आफ्नो सामाजिक उत्तरदायित्व बहन गर्नेक्रममा प्रतिष्ठानलाई अन्य सेवामा पनि सहयोग गर्न आग्रह गर्नु भयो । त्यस्तै निमित्त अस्पताल निर्देशक प्रा.डा.पन्थीले न्युरो वार्ड सञ्चालनका लागि आइसीयु बेड हस्तान्तरण गरेकोमा बैङ्क परिवारलाई प्रतिष्ठानको तर्फबाट धन्यवाद दिनुभयो ।

त्यस्तै बैङ्कका शाखा म्यानेजर वीरेन्द्र सिंह कार्कीले बैङ्कले आफ्नो सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आइसियु बेड सहयोग गरेर प्रतिष्ठानसंग सहकार्य गर्न पाउँदा खुसी लागेको र आउँदा दिनमा दुवै पक्षको समन्वयमा सहयोगलाई बिस्तार गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नु भयो । बैङ्कका लुम्बिनी तथा कर्णाली प्रदेश प्रमुख केशव खातीले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रतिष्ठानलाई आइसियु बेड सहयोग गरिएको बताउनु भयो ।

## एनएमबि बैंक घोराहीद्वारा प्रतिष्ठानलाई पाँच थान एसी सहयोग




दाङ । एनएमबी बैंक घोराही शाखाले राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठानलाई पाँच थान एसी सहयोग गरेको छ । एक कार्यक्रमका बिच बैंक शाखा घोराहीका म्यानेजर कृष्णप्रसाद भट्टराई र ॠण अधिकृत प्रविण डाँगीले संयुक्तरुपमा प्रतिष्ठानका निमित्त अस्पताल निर्देशक प्रा.डा.जनार्दन पन्थीलाई एसी सहयोग हस्तान्तरण गर्नु भएको हो । प्रतिष्ठानको आईसियु, एनआईसियु कक्षमा उपचारार्थ बिरामीलाई बातानुकुलित तापक्रममा राख्न तथा बातानुकुलित अवस्थामा राख्नुपर्ने मेसिनरी औजार, उपकरणमा समेत यसमा प्रयोग हुने प्रा.डा.पन्थीले बताउनु भयो ।



CamScanner

प्रतिष्ठानका निमित्त उपकुलपति तथा रजिष्ट्रार प्रा.लम्सालले प्रतिष्ठानका महत्वपूर्ण उपकरणलाई सुरक्षित राख्न एसीले महत्वपूर्ण सहयोग पुग्ने बताउदै एसी सहयोग गर्ने बैंक म्यानेजरसहित बैंक परिवारलाई धन्यवाद दिनुभयो । आगामी दिनमा सहयोग गर्न बैंकलाई उहाँले आग्रह गर्नुभयो । त्यस्तै बैंकका शाखा म्यानेजर भट्टराईले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रतिष्ठानलाई एसी सहयोग गरिएको बताउनु भयो ।

## राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा क्यान्सरको उपचार हुने

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा क्यान्सरको उपचार हुने भएको छ । हालै भएको एक औपचारिक कार्यक्रममा प्रतिष्ठान र बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो । प्रतिष्ठानका निमित्त उपकुलपति प्रा.श्याम लम्साल र बिपी क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा.शिवजी पौडेलबीच क्यान्सर उपचारको सेवा विस्तार गरी आवश्यक जनशक्ति आदानप्रदान गर्ने विषयमा सम्झौता भएको प्रतिष्ठान प्रशासनले जनाएको छ ।

प्रतिष्ठानका निमित्त डीन प्रा.डा.रमेश कँडेल र क्यान्सर अस्पतालका सह-निर्देशक डा.उमेश नेपालको रोहबरमा उक्त सम्झौता भएको हो । यहाँ क्यान्सरसम्बन्धी उपचारको व्यवस्था नहुँदा यसअघि साविक राप्ती अञ्चलसहित पश्चिम नेपालका नागरिकमा चितवन, काठमाडौंलगायत सहरमा महँगो शुल्क तिरेर उपचार गराउन जानुपर्ने बाध्यता थियो ।

उक्त सम्झौता कार्यान्वयनमा आएपछि साविक राप्ती अञ्चल तथा पश्चिम नेपालका नागरिक लाभान्वित हुनुका साथै यस क्षेत्रमा सेवा विस्तारका लागि थप सहयोग पुग्ने प्रतिष्ठानका निमित्त उपकुलपति प्रा.लम्सालले विश्वास व्यक्त गर्नुभयो । क्यान्सर पीडितले स्थानीय क्षेत्रमा उपचार सेवा पाउने भएपछि समय र खर्चको बचत हुने उहाँले बताउनु भयो ।

## जलन उपचारका लागि कीर्तिपुर जलन अस्पताल र राप्ती प्रतिष्ठबीच सम्झौता

दाङ । दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा कीर्तिपुर जलन अस्पतालबीच सहकार्य गर्ने सम्झौता भएको छ । सम्झौता बमोजिम राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले आगामी आर्थिक वर्षदेखि जलन उपचार सेवा सञ्चालन गर्ने तयारी गरेको छ । कीर्तिपुर अस्पताल फेक्ट नेपालद्वारा सञ्चालित अस्पताल हो । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका निमित्त उपकुलपति तथा रजिस्ट्रार प्रा.श्याम लम्साल र फेक्ट नेपालका कार्यकारी अध्यक्ष डा.भरत कुमार प्रधानले उक्त सहमति गर्नु भएको हो ।

उक्त सहमतिअनुसार अब प्रतिष्ठानका चिकित्सक, नर्स, प्राविधिक, कर्मचारी तथा विद्यार्थीहरू तालिमका लागि ती अस्पतालमा जान सक्नेछन् । साथै, दुबै संस्थाबीच जनशक्ति आदान-प्रदान पनि गर्न सकिने व्यवस्था गरिएको छ । यसअघि प्रतिष्ठानले मुटु उपचार सेवाको क्षमता विकासका लागि सहिद गङ्गालाल मुटु रोग अस्पतालसँग सहकार्य गर्दै नर्सिङ र रेडियोलोजी विभागका जनशक्ति तालिमका लागि पठाइसकेको थियो ।

## राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सुपर स्पेसियालिटी सेवा सुरु, हजारौ विरामीले घर आगनमै पाए सेवा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सुपर स्पेसियालिटी सेवा अन्तर्गतका विभिन्न विशेषज्ञ सेवाहरु सुरु भएका छन् । सुपर स्पेसियालिटी सेवाका लागि आवश्यक पूर्वाधार र उपकरण अन्तिम तयारी अवस्थामा रहेको प्रतिष्ठानका निमित्त उपकुलपति प्रा.श्याम लम्सालले जानकारी दिनुभयो ।

सुपर स्पेसियालिटी सेवाका लागि आवश्यक जनशक्तिको राखी सकिएको उहाँले जानकारी दिनु भयो । सुपर स्पेसियालिटी सेवाका लागि संरचना तयार गर्ने, उपकरण जडान गर्ने लगायतका कामको अन्तिम चरणमा रहेको प्रतिष्ठानले जानकारी दिएको छ । मुटु रोगको उपचारका लागि आवश्यक क्याथ ल्याब अहिले सेटअप चरणमा छ । अझ व्यवस्थित र आधुनिक प्रविधिसहितको अपरेशन ओटी (अपरेशन थिएटर) पनि विस्तार गर्ने काम भइरहेको छ । सुपर स्पेसियालिटी सेवाका लागि आवश्यक अधिकांश पूर्वाधार र उपकरण तयार अवस्थामा रहेकाले मुटु रोगको उपचारका लागि अत्यावश्यक मानिएको क्याथ ल्याब जडान गर्ने काम करिव करिव अन्तिम चरणमा पुऱ्याइएको छ । प्रतिष्ठानले विभिन्न विशेषज्ञ चिकित्सकहरु एकपछि अर्को थप्दै गइरहेको अवस्थामा प्रतिष्ठानमा बिरामीको चाप पनि अत्याधिक रहेको छ । दैनिक हजारको हारहारीमा विरामीहरु उपचार लिएर गइरहेका छन् । सुपर स्पेसियालिटी सेवाका लागि हाल प्रतिष्ठानले न्यूरो, यूरो र कार्डियो सेवा सुचारु गर्न विशेषज्ञ चिकित्सकसहितको सेवा शुभारम्भ गरिसकेको छ ।

प्रतिष्ठानले दिएको तथ्याङ्क अनुसार २०८२ बैशाख १ गतेदेखि चैत २१ गतेसम्म ४ सय ३९ जना विरामीले ओपिडिमार्फत मुटु रोग विशेषज्ञसहितको (कार्डियोलोजि) सेवा पाएका छन् भने ४ हजार २ सय ४४ जना न्युरोलोजी सेवा पाएका छन् । यसैगरेर सोही अवधिमा ५ हजार ७४ जना विरामीले युरोलोजी सेवा पाएका छन् । जसअर्न्तगत



CS CamScanner

न्युरोलोजी सेवामा साना तथा ठूला गरेर २ सय ३ वटा अप्रेसन भएका छन् भने युरोलोजी सेवा अन्तर्गत ६ सय ४९ वटा साना तथा ठूला अप्रेसन भएका छन् । निमित्त उपकुलपति प्रा.लम्सालले खासगरी कार्डियोलोजी, न्यूरोलोजी, युरोलोजी, ग्यास्ट्रोएन्टेरोलोजी, नेफ्रोलोजी जस्ता विशिष्टिकृत सेवाहरू थप विस्तार गर्दै लैजाने योजना रहेको सुनाउनु भयो ।

# राप्ती प्रतिष्ठानमा एक वर्षमा ६ सय ४९ जना मृगौलाको पत्थरीका बिरामीको सफल शल्यक्रिया



दाङ (राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा युरोलोजी (मूत्ररोग) सेवा सुरु भएपछि सेवा क्रमशः प्रभावकारी बन्दै गएको छ । प्रतिष्ठानका युरोलोजिस्ट सर्जन डा.सुशिल खनियाँको नेतृत्वमा चिकित्सक, नर्स, स्वास्थ्यकर्मीसहितको टोलीले सानादेखि ठूला शल्यक्रिया नियमित रूपमा सञ्चालन गर्दै आएको छ । प्रतिष्ठानका अनुसार युरोलोजी ओपीडी (बाह्य बिरामी विभाग) मार्फत दैनिक ७० भन्दा बढी बिरामीले परामर्श तथा उपचार सेवा लिइरहेका छन् । प्रतिष्ठानको तथ्याङ्क अनुसार गत वैशाख १ देखि चैत २१ गतेसम्म युरोलोजी विभागबाट ५ हजार ७४ जना बिरामीले सेवा लिएका छन । सोही अवधिमा यूरोलोजीतर्फ ६ सय ४९ वटा शल्यक्रिया भएको प्रतिष्ठान प्रशासनले जानकारी दिएको छ ।

यसअघि जिल्लामा युरोलोजी सेवा नहुँदा सामान्यदेखि विशेषज्ञ उपचारका लागि बिरामीलाई बाहिरका शहर जानुपर्ने बाध्यता थियो । तर, प्रतिष्ठानमा अत्याधुनिक उपकरणसहित यो सेवा विस्तार भएपछि उक्त समस्या समाधान भएको छ । युरोलोजी सेवाअन्तर्गत पिसाबसम्बन्धी रोग, प्रोस्टेट, मिर्गौलाको पत्थरी, पित्तथैलीको पत्थरी, पिसाबको नलीसम्बन्धी समस्या, अण्डकोषमा मासु पलाउने वा सुन्निने, पिसाब पोल्ने वा चुहिने लगायतका रोगहरूको उपचार प्रतिष्ठानमा गर्न सकिने युरोलोजीष्ट डा.खनियाले जानकारी दिनु भयो । उहाँका अनुसार युरोलोजी सेवा लिने बिरामीको संख्या दिनदिनै बढ्दो क्रममा छ ।

प्रतिष्ठानका निमित्त अस्पताल निर्देशक प्रा.डा.जनार्दन पन्थीले युरोलोजी सेवा अत्यन्त प्रभावकारी बनेको बताउँदै स्थानीय स्तरमै विशेषज्ञ उपचार सेवा प्राप्त गर्न पाउँदा बिरामीहरू खुसी भएको जानकारी दिनु भयो । डा.खनियाँ लामो समयदेखि प्रतिष्ठानमा युरोलोजी सेवा प्रदान गर्दै आएका अनुभवी चिकित्सककारुपमा परीचित हुनुहुन्छ । युरोलोजीसहित विशीष्टिकृत सेवालाई प्रभावकारी बनाउन प्रतिष्ठानले वीर अस्पताल र शिक्षण अस्पताल




CamScanner

टिचिङ लगायतका संस्थासँग सहकार्य सुरु गरिएको जनाएको छ । सेवा विस्तार भए पनि भौतिक पूर्वाधारको अभाव भने अझै चुनौतीपूर्ण छ ।

पर्याप्त भवन नहुँदा एमबिबिएस लगायतका शैक्षिक कार्यक्रम अस्थायी संरचना र भाडाका घरमा संचालन भइरहेका छन् । प्रस्तावित ४ सय शैयाको अस्पताल निर्माणको गुरु योजना हाल अर्थ मन्त्रालयमा सिफारिसको क्रममा रहेको निमित्त उपकुलपति प्रा.श्याम लम्सालले जानकारी दिनुभयो । हाल प्रतिष्ठानमा दैनिक बिमासहितको करिब एक हजार बिरामी उपचारका लागि आउने गरेका छन् ।

# रुकुम-रोल्पाबाट दाङसम्म राप्ती प्रतिष्ठानले अन्त्य गऱ्यो 'काठमाडौं धाउनै पर्ने' बाध्यता




दाङ । केही वर्ष अघिसम्म रुकुम, रोल्पा, सल्यान वा प्युठानका बिरामीहरूका लागि आँखाको जटिल रोग लाग्नु भनेको केवल स्वास्थ्य समस्या मात्र होइन, आर्थिक र मानसिक पीडाको अर्को नाम पनि थियो । उपचारका लागि काठमाडौं धाउनुपर्ने, महँगो खर्च, बसोबासको समस्या र लामो पालो–यी सबै बाध्यताले धेरै बिरामी समयमै उपचारबाट वञ्चित हुने गर्थे तर अहिले परिदृश्य फेरिएको छ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङले सुरु गरेको आँखा सम्बन्धी उच्चस्तरीय विशेष सेवा विस्तारसँगै दुर्गमका बिरामीका लागि आशाको नयाँ ढोका खुलेको छ ।

अब रुकुम-रोल्पाका बिरामीहरू काठमाडौं होइन, दाङमै आएर अत्याधुनिक उपचार पाइरहेका छन् । मोतीबिन्दुको आधुनिक प्रविधिबाट गरिने शल्यक्रिया ४२३ जनामा गरिएको छ भने ६५० जटिल शल्यक्रिया सफलतापूर्वक सम्पन्न आँखारोग विभाग प्रमुख सह-प्राध्यापक डा.सुरेश रसाइलीका अनुसार प्रतिष्ठानले आँखाको कोटरसम्बन्धी उपचार, आँखाको प्लास्टिक तथा पुनर्निर्माण शल्यक्रिया र आँखाको क्यान्सर उपचारजस्ता सेवाहरू विस्तार गरेसँगै जटिल आँखाका रोगहरूको उपचार प्रदेशमै सम्भव भएको छ । "पहिला बिरामीहरूलाई काठमाडौं जानैपर्ने बाध्यता थियो, तर अहिले यहाँकै सेवाले त्यो अवस्था अन्त्य भएको छ," उहाँले भन्नुभयो ।



CamScanner

गत वर्ष मात्रै प्रतिष्ठानमा ४८ हजार ७५० जना बाह्य बिरामीले सेवा लिएका छन् । तीमध्ये २ हजार १ सय ८८ जना बिरामीले जटिल प्रकारका आँखासम्बन्धी शल्यक्रिया तथा उपचार सेवा प्राप्त गरेका छन् । यसले प्रतिष्ठानको क्षमता मात्र होइन, दुर्गम क्षेत्रका बिरामीको भरोसा पनि बढेको संकेत गर्छ । त्यसैगरी, आँसु नली खोल्ने तथा पुनर्निर्माण गर्ने शल्यक्रिया, कालो मोतियाको उपचार, तथा सौन्दर्यसम्बन्धी आँखा शल्यक्रिया समेत यहीँ उपलब्ध छन् । माथिल्लो र तल्लो आँखा ढकनी मिलाउने शल्यक्रियादेखि अनुहार सुन्दर बनाउन दिइने विशेष सुई सेवा पनि सञ्चालनमा छ । दृष्टि पर्दाको विस्तृत परीक्षण, आँखाको दृष्टि फैलावट जाँच्ने सेवा, नानीको बनावट परीक्षणजस्ता अत्याधुनिक जाँच सेवाहरू पनि यहीँ उपलब्ध छन् । मधुमेह, उच्च रक्तचाप र थाइराइडका कारण आँखामा पर्ने असरको परीक्षण र उपचार पनि यहीँ हुँदै आएको छ । साथै, विशेष किसिमको लेजर उपचार सेवा पनि सञ्चालनमा छ । सबभन्दा महत्वपूर्ण कुरा–अब उपचारका लागि राजधानी धाउनुपर्ने बाध्यता हटेको छ ।

रुकुमबाट आएका एक बिरामीले भन्नुभयो, "पहिला त काठमाडौं जाने पैसा नै जुटाउन गाह्रो हुन्थ्यो, अहिले दाङमै राम्रो उपचार पाइयो ।" यस्ता अनुभवहरू अहिले सामान्य बन्दै गएका छन् । डा.रसाइलीको नेतृत्वमा रहेको टोलीलाई बिरामीहरूले 'विश्वासिलो' मात्र होइन, 'काठमाडौंकै स्तरको सेवा दिने' भनेर समेत मूल्यांकन गर्न थालेका छन् । यससँगै, आँखा वरिपरि वा अनुहारको हड्डी भाँचिएका बिरामीहरूको लागि आधुनिक तरिकाले पुनर्निर्माण शल्यक्रिया पनि यहीँ सम्भव भएको छ । प्रतिष्ठानले आगामी दिनमा अझ अत्याधुनिक उपकरण र विशेषज्ञ जनशक्ति थप गर्ने योजना बनाएको छ । यसले लुम्बिनी प्रदेश मात्र होइन, कर्णाली र सुदूरपश्चिमका बिरामीहरूलाई समेत ठूलो राहत दिने अपेक्षा गरिएको छ । एक समय 'काठमाडौं जानैपर्छ' भन्ने बाध्यता बोकेका दुर्गमका बिरामीहरूका लागि दाङ अहिले उपचारको नयाँ केन्द्र बनेको छ–जहाँ दूरी घटेको छ, खर्च घटेको छ, र आशा बढेको छ ।

## हार्दिक श्रद्धाञ्जली



जन्म: २००६/८/९

मृत्यु: २०८३/१/१

**यस राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्ब शिक्षाध्यक्ष प्रा.डा.बसन्त लामीछानेका बुवा रामप्रसाद लामीछानेको यहि मिति २०८३ बैशाख १ गते ७६ बर्षको उमेरमा भएको दुखद निधनप्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दै उहाँको निधनले मर्माहत एवं स्तब्ध भएका छौं । दुखको यस घडिमा मृतआत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समबेदना प्रकट गर्दछौं ।**

**राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**परिवार घोराही, दाङ**


**संरक्षक**
प्रा.श्याम लम्साल, रजिष्ट्रार
**प्रधानसम्पादक**
प्रा.डा.विकास गौचन
**व्यवस्थापक**
निशान दाजु भट्टराई
सम्पर्क : फोन नं: ९८०१३४८८४५
ई-मेल:
*itdepartment@rahs.edu.np*
*registrar@rahs.edu.np*
*sarayu@rahs.edu.np*




CamScanner